STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ६६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत ७ गते सोमबार ❑ 21 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## क्रान्तिकारी पार्टी निर्माणमा लागेका छौँ : अध्यक्ष प्रचण्ड

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ चैत**

नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आठौँ राष्ट्रिय महाधिवेशनपछि पार्टीलाई रुपान्तरण गरी क्रान्तिकारी बनाउने अभियान सुरु भएको बताउनुभएको छ।



पार्टीको गण्डकी प्रदेशस्तरीय राजनीतिक एवं वैचारिक प्रशिक्षण कार्यक्रमलाई आज पोखरामा सम्बोधन गर्दै उहाँले माओवादीको नेतृत्वमा परिर्वतनको रक्षा र देश विकास हुने स्पष्ट भएकाले नयाँ आधारमा पार्टीलाई रुपान्तरण गर्दै अघि बढाउनुपर्ने खाँचो औँल्याउनुभयो । उहाँले भन्नुभयो, 'विभिन्न शक्तिहरू माओवादीलाई कमजोर बनाउन लागि परेका छन् । माओवादी कमजोर हुँदा अहिलेको व्यवस्था र परिर्वतनका एजेण्डाहरूसमेत कमजोर हुन्छन् । सबै नेता कार्यकर्ताले पुनः एकपटक पार्टीलाई शक्तिशाली बनाउन पार्टी निर्माणको अभियानमा लाग्न आग्रह गर्दछु।' अध्यक्ष प्रचण्डले प्रतिगमन विरोधी आन्दोलनले जनता अग्रगमनका पक्षमा भएको पुष्टि गरेको र त्यसको प्रमुख नेतृत्व माओवादीले गरेकाले पार्टीको रुपान्तरण गर्दै नयाँ पार्टी निर्माण सम्भव भएको उल्लेख गर्नुभयो । 'पार्टीलाई क्रान्तिकारी पार्टीकै रूपमा रूपान्तरण गर्ने वा त्यतिकै छोडिदिने ? बनाउन सम्भव छ भन्ने प्रतिगमन विरुद्धको आन्दोलनले देखायो ।' अध्यक्ष प्रचण्डले भन्नुभयो, 'फलाम तातेको बेला हान्न पर्छ, यही हो बेला भनेर हामी पार्टी निर्माण तिर लागेका छौँ ।' अध्यक्ष दाहालले स्थानीय तहको निर्वाचन पार्टीका लागि जीवनमरणको सवाल रहेको उल्लेख गर्दै सोहीअनुसार गाउँगाउँमा संगठन विस्तार र सुदृढीकरणका कार्यक्रम लिएर जान नेता कार्यकर्तालाई निर्देशन दिनुभयो । पार्टीले अहिले १० प्रदेशमध्ये नौ वटामा प्रशिक्षण सम्पन्न गरिसकेको र मधेस प्रदेशपछि स्थानीय तहको निर्वाचनमा केन्द्रित रहेर अभियान सुरु गरिने उहाँले जानकारी दिनुभयो ।

पार्टीका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले स्थानीय तहको निर्वाचन नै पार्टीको अहिलेको मुख्य कार्यभार रहेको चर्चा गर्दै एकताबद्ध बनेर चुनावमा केन्द्रित हुन आग्रह गर्नुभयो । प्रशिक्षणमा पार्टीका नेता देव गुरुङ, शिक्षा संस्कृति तथा विज्ञान प्रविधिमन्त्री देवेन्द्र पौडेल, प्रदेश कमिटीका इन्चार्ज हितराज पाण्डे र अध्यक्ष गायत्री गुरुङले गण्डकी प्रदेशमा पार्टी गतिविधिलाई व्यवस्थित रूपमा सञ्चालन गर्दै संगठन विस्तारमा जोड दिनुभयो । प्रशिक्षणमा प्रदेशअन्तर्गत ११ जिल्लाका नेता कार्यकर्ता गरी दुई हजार जनाको सहभागिता रहेको बताइन्छ । प्रदेश कमिटीको चैत ८ गते बस्ने बैठकले पदाधिकारी चयन गर्ने अध्यक्ष गुरुङले जानकारी दिनुभयो ।

## ९३ प्रतिशत नेपालीले लगाए कोभिडविरुद्धको खोप

**रासस**
**काठमाडौं, ६ चैत**

हालसम्म ९३ प्रतिशत नेपालीले कोभिड-१९ विरुद्धको खोप लगाइसकेका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार १८ वर्षमाथिको कूल जनसङ्ख्यामध्ये एक करोड ८४ लाख ९८ हजार १६० जनालाई कोभिडविरुद्धको खोपको कम्तीमा एक मात्रा दिइएको हो ।

यस्तै पूर्ण मात्रा खोप लगाउनेको सङ्ख्या भने एक करोड ६१ लाख ८४ हजार ८५८ रहेको छ। यो कूल लक्षित जनसङ्ख्याको ८१.२ प्रतिशत हो । साथै १२-१७ वर्ष उमेर समूहका ३१ लाख १८ हजार ७८५ (९१ प्रतिशत) जनाले पहिलो मात्रा खोप लगाइसेका छन्। १८ वर्षमुनि पूर्ण मात्रा खोप लगाउनेको सङ्ख्या २३ लाख ११ हजार ९९८ (६७ प्रतिशत) रहेको छ। मन्त्रालयका अनुसार यही चैत ४ गतेसम्ममा सबै उमेर समूहमा कूल तीन करोड ९२ लाख २३ हजार ९४१ मात्रा खोप प्रदान गरिएको छ। जसमध्ये एक करोड ८६ लाख ९५ हजार ८२६ पहिलो मात्रा, एक करोड ८६ लाख ९८ हजार ५९५ दोस्रो मात्रा र १८ लाख २९ हजार ५२० मात्रा बुस्टर डोज प्रदान गरिएको हो । नेपाल सरकारले भेरोसेल, कोभिशिल्ड, अस्ट्राजेनेका, मोडर्ना, फाइजर र जोन्सन खोप प्रदान गर्दै आएको छ । केही मात्र अनुदान सहयोग तथा अरु केही खरिद गरेर सरकारले कूल चार करोड ७८ लाख ८२ हजार ८०० मात्रा खोप प्राप्त गरेको थियो। नेपालमा हाल तीन हजार ९९६ सक्रिय कोभिड सङ्क्रमित रहेका छन् । कोभिड सङ्क्रमण सुरु भएदेखि नेपालमा गरिएका कूल परीक्षणमा ११ लाख १८ हजार १८० जनालाई कोभिड पोजिटिभ देखिएको र यसमध्ये नौ लाख ६२ हजार १७३ जनाले कोभिडलाई पराजित गरेका छन्। यस सङ्क्रमणबाट ११ हजार ९५० जनाको मृत्यु भएको छ।

नेपाल सरकारले २०७८ चैतसम्ममा १८ वर्षमाथिका सबैलाई कोभिडविरुद्धको खोप लगाउने लक्ष्य लिएको छ। 'शतप्रतिशत खोप'को लक्ष्य पूरा गर्न अब सात प्रतिशत जनसङ्ख्यालाई मात्र खोप लगाउन बाँकी रहेको छ। १८ वर्षमुनिको उमेर समूहमा पनि पूर्ण मात्राको खोप पाउन अब नौ प्रतिशत जनसङ्ख्या मात्र बाँकी छ।

## पोखरामा लघुवित्तका प्रमुख कार्यकारी अधिकृतहरुको गोष्ठी

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ चैत**

पर्यटकीय नगरी पोखरामा लघुवित्तका प्रमुख कार्यकारी अधिकृतहरुको गोष्ठी सम्पन्न भएको छ । नेपाल लघु वित्त बैंकर्स संघले पोखरामा आयोजना भएको दुई दिने प्रमुख कार्यकारी अधिकृतहरुको गोष्ठी आइतबार पोखरामा सम्पन्न भएको छ।

सहभागिहरुले बैंक सहित लघुवित्तहरुमा समेत तरलता रहेकोले त्यसको समाधानको लागि केही सुझाव समेत संकलन गरेको संघका अध्यक्ष प्रकाशराज शर्माले बताए। नेपाल राष्ट्र बैंकलाई व्याजदर घटाउन पहल गर्ने, कोभिडबाट प्रभावित भएको अर्थतन्त्रलाई चलामान बनाउनुपर्ने, डिजिटल सिस्टमबाट विदेशीएको पैसालाई नियन्त्रण गर्नुपर्ने लगायतको सुझाव प्राप्त भएको उनले जनाए।

गोष्ठी पश्चात आइतबार पत्रकारसंग वोल्दै अध्यक्ष शर्माले तरलताको कारण हाल बाणिज्य बैंकहरुबाटै लघुवित्तहरुले कर्जा पाउन कठिन भएको गुनासो गरे । १४ देखि १५ प्रतिशत व्याजदर लगायर लिएको कर्जामा लघुवित्तहरुले अधिकत्तम १५ प्रतिशत भन्दा बढी लिन नपाउने उनले जनाए । कोभिड १९ को कारण आर्थिक गतिविधि कम भएको, रेमिट्यान्स घटेको, अनियन्त्रित सामान भित्रिएको लगायतका कारणले भएको आर्थिक तरतला सरकारको खर्च गर्ने परिपार्टी जेठ असारमा हुने भएको अध्यक्ष शर्माले बताए।

सिआईबि सिस्टम लागु नहुँदा एकै व्यक्तिले धेरै लघुवित्तहरुबाट समेत कर्जा लिने र तिर्ने समयमा समयमै तिर्न नसकेर आत्महत्या देखि घर छाडेर भाग्ने सम्मका घटनाहरु हुने गरेको संघका महासचिव राम बहादुर यादवले बताए । देशमा हाल ६७ वटा लघुवित्तहरु भएको उल्लेख गर्दै यादवले ३२ लाख ऋणि भएको र एक लाख व्यक्तिहरुले एकै दिनमा कारोवार गर्ने गरेको दाबी गरे । लघुवित्तले ३ खर्ब ७५ अर्ब ऋण लिएको दुर दराजमा रहेकाहरुलाई करिब १ खर्ब ४६ अर्ब कर्जा लगानी गरेको संघले जनाएको छ।

कर्जा लिने र कर्जा दिने बिच केही कमीकमजोरीका कारण केही व्यक्तिहरुले समयमै कर्जा तिर्न नसक्दा सामाजिक रुपमा केही असर परेको हुन सक्ने महासचिव यादवले बताए।

## महिलालाई सक्षम बनाउने कार्यक्रमलाई जोड दिएका छौं- मन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
**पोखरा ६ चैत**

गण्डकी प्रदेशका शिक्षा, संस्कृति,विज्ञान प्रविधि तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठले महिलालाई उद्यमशिल बनाउन प्रदेश सरकारले सोही अनुरुपका कार्यक्रममा जोड दिएको बताउनुभएको छ।




पोखरामा आइडिटि (एकिकृत विकास तथा रुपान्तरण नेपाल) को आयोजना तथा अमेरिकी दुतावासको सहयोगमा महिला पर्यटन व्यवसायी (ओटेफ) कासदस्यहरुका लागि आयोजित २१ दिने अँग्रेजी भाषा तालिमको उद्घाटन कार्यक्रममा मन्त्री श्रेष्ठले प्रदेश सरकारले महिलाको क्षमता दक्षता र सीपको पहिचान गरी 'सक्षम पाइला, उद्यमी महिला' भन्ने कार्यक्रम मार्फत प्रदेशका महिलालाई आर्थिक स्वालम्बन बनाउने कार्यक्रम तय गरेको बताउनुभएको हो । उहाँले महिलाको सीप र दक्षतालाई चिन्न सके आर्थिक समृद्धि हासिल हुन सक्ने बताउनुभयो । मन्त्री श्रेष्ठले पोखरा पर्यटकीय शहर भएकाले विश्वमा धेरैले बोल्ने माध्यम भाषा अंग्रेजी भएकाले पनि यस भाषाको तालिमले यस क्षेत्रमा आउने पर्यटकहरु लाभान्वित हुने सक्ने उहाँको भनाइ थियो।

कार्यक्रममा गण्डकी प्रदेशका सांसद राजीव पहारीले पर्यटन क्षेत्रमा प्रभावकारी संवादका लागि अङ्ग्रेजी भाषा तालिम आवश्यक रहेको बताउनुभयो। उहाँले पोखरामा अन्तराष्ट्रिय विमानस्थल निर्माण सम्पन्न भए पश्चात अन्तराष्ट्रिय देशहरुसँग जोडिने भएकाले पनि पर्यटकसँग प्रभावकारी संवाद लागि अङ्ग्रेजी भाषाको महत्व रहेको बताउनुभयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रबन्धक नविन पोखरेलले प्रतिष्पर्धाको युगमा आफ्ना सेवा एवम उत्पादन बेच्नका लागि पनि प्रभाकारी भाषाको खाँचो रहेको औल्याउनुभयो । अधिकांश पर्यटकले बोल्ने बुझ्ने अङ्ग्रेजी भाषालाई व्यवसायी महिलाले सिकेर दोहोरो संवाद गर्न सके पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो।

अमेरिकी राजदुतावासका क्षेत्रीय अङ्ग्रेजी भाषा अधिकृत डा. नविला मेसोमीले नेपालको पर्यटन विकासका लागि अमेरिकी राजदुताबास निकै कटिबद्ध रहेको बताउनुभयो । उहाँले अङ्ग्रेजी भाषा तालिमले पोखराको पर्यटनलाई विकास गर्न सघाउ पुर्‍याउने बताउनुभयामे । उहाँले भन्नुभयो "मानिसले तपाइले के भन्नुभयो बिर्सिन्छन तर तपाइले कस्तो अनुभव गराउनुभयो त्यो सदैव सम्झन्छन् ।" प्रभावकारी कम्युनिकेशनले गलत सञ्चार हुनबाट रोक्ने उहाँको भनाइ थियो। पोखरा पर्यटन परिषदका अध्यक्ष गोपीबहादुर भटटराई पर्यटन क्षेत्रमा इशाराले नभइ पर्यटक र पर्यटन व्यवसायी बीच प्रभावकारी सेवा प्रवाह र पर्यटकको सन्तुष्टिका लागि बुझिने भाषामा दोहोरो संवाद आवश्यक हुने बताउनुभयो। उहाँले अङ्ग्रेजी भाषा तालिमले दोहोरो संवादमा देखिने समस्या न्यूनिकरण हुँदा पर्यटकले पोखरा बसाइलाई सहज र स्मरणयोग्य बनाउन सक्ने बताउनुभयो।

कार्यक्रमा आइडिटिका प्रशासनिक अधिकृत सुदिप गौतमले यस तालिमबाट दिर्घकालिन विकास लक्ष्यलाई पनि सघाउन मद्दत पुग्ने बताउनुभयो । उहाँले पर्यटन क्षेत्रको कुल ग्राहस्थ उत्पादन २.३ प्रतिशतबाट १० प्रतिशत पुर्‍याउने, साथै यस क्षेत्रको रोजगारी १ लाखबाट बढाएर ३ लाख ८२ हजार सम्म पुर्‍याउने र पर्यटकको बसाइ १५ दिनसम्म लम्बाउन सक्ने लक्ष्य लिएको जानकारी दिनुभयो । कार्यक्रममा पोखरा १७ का वडा अध्यक्ष जीवन आचार्य, कार्यक्रम संयोजक मधुकर पाण्डे, कार्यक्रम विशेषज्ञ विश्वराज गौतम लगायतले पर्यटन क्षेत्रमा अङ्ग्रेजी भाषाको महत्वको बारेमा आफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रममा ओटेफका अध्यक्ष पार्वती पाण्डेले विदेशी पर्यटकसँग दोहोरो संवादका लागि भाषामा धेरै हुने गरेको जनाउँदै यस्ता समस्यालाई न्यूनिकरण गर्न अङ्ग्रेजी भाषा तालिमले सघाउ पुर्‍याउने बताउनुभयो । उहाँका अनुसार तालिममा पर्यटनका विभिन्न पेशा व्यवसायमा आवद्ध २५ जना व्यवसायी महिला तालिममा सहभागी हुने जानकारी दिनुभयो।

## काँग्रेस गण्डकी प्रचारप्रसार विभाग प्रमुखमा पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ चैत**

नेपाली काँग्रेस गण्डकी प्रदेश प्रचारप्रसार विभाग प्रमुखमा रमेश पौडेल नियुक्त भएका छन्।

पार्टीको विधान, २०१७ (संशोधनसहित) को परिच्छेद-४ धारा १३ (१०) (झ) बमोजिम प्रदेश सभापति शुक्रराज शर्माले उनलाई नियुक्त गरेका हुन् । काँग्रेसको प्रदेश कार्यसमिति सदस्य रहेका पौडेलसँग तीन दशकभन्दा बढी पत्रकारिताको अनुभव छ । पर्वत कुशमा नगरपालीका ९ कटुवाचौपारीका पौडेल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष एवं रेडियो वाराहीका कार्यकारी निर्देशक छन्। हाल सरकारी सञ्चारमाध्यम देखि अन्य संघ संस्थामा कार्यरत छन ।उनले कानुनमा स्नातकदेखि पत्रकारिता, राजनीतिक शास्त्र र समाजशास्त्रमा स्नातकोत्तर गरेका छन्। उनी बोर्डकाष्टिङ एसोसिएसन अफ नेपाल (बान) का पूर्व उपाध्यक्ष रहेका पौडेल अनुसन्धानमूलक लेखारचना समेत प्रकाशत गर्दै आएका छन् । पत्रकारिताको प्रशिक्षण दिनुका साथै विकास र ग्रामीण पत्रकारिता एवं राजनीतिक बिटमा बढी कलम चलाउन रुचाउँछन् । नीतिको मूल्य पनि राजनीति भएकोले अबको रोजाइ पार्टी राजनीतितर्फ भएको उनको भनाइ छ । पार्टीले जिम्मेवारी दिएपछि उनले भने –पाटी बिधान अनुरुप सञ्चार बिभागलाई अगाडी बढाउने छु । बिभागीय प्रमुख पौडेलले जनताको पक्षमा कलम चलाउने पत्रकार र मिडिया संचालकलाई एकबद्ध भएर लैजाने प्रतिबद्धता व्यक्त गरे।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# राष्ट्रिय जनसाँस्कृतिक महासंघ, गण्डकी प्रदेशमा मल्ल

पोखरापत्र संवाददाता
पोखरा ६ चैत

नेकपा (एमाले) केन्द्रीय सचिव तथा पूर्व मन्त्री पद्मा अर्यालले अहिले देशभर जनादेश र परमादेशको बीचमा लडाईं भइरहेको बताउनुभएको छ । ओली सरकारको कामको मूल्यांकन जनताले गरेको उल्लेख गर्दै अर्यालले अगाडि भन्नुभयो, "अहिलेको सरकारको कामले गर्दा जनताले एमालेको सरकारको आवश्यकता झनै प्रष्ट रुपमा बुझ्ने मौका पाएका छन् ।"




राष्ट्रिय जनसाँस्कृतिक महासंघ, गण्डकी प्रदेशको प्रथम अधिवेशनलाई पोखरामा सम्बोधन गर्दैनेताअर्याललेपरमादेशीगठबन्धन कलाकारहरुको सृजनाबाट तर्सिएको प्रमाण प्रकाश सपुतको गीतप्रतिको प्रहार भएको समेत उल्लेख गर्नुभयो । अधिवेशनबाट सुवास मल्लको अध्यक्षतामा ३७ सदस्यीय प्रदेश समिति सर्वसम्मत निर्वाचित भएको छ । समितिको उपाध्यक्षमा प्रेमराज अधिकारी र लक्ष्मी थापा, सचिवमा छविलाल सुवेदी, सहसचिवमा लक्ष्मी नेपाली, कोषाध्यक्षमा दीपक पौडेल र सह कोषाध्यक्षमा सीता परियार निर्वाचित हुनुभएको छ। समितिको सल्लाहकारहरुमा प्रजापति पराजुली, रमेश श्रेष्ठ र पार्वती जिसी निर्वाचित हुनुभएको छ।

सोही कार्यक्रमलाई सम्बोधन गर्दै महासंघका केन्द्रीय अध्यक्ष खगेन्द्र राईले जनकलाकारहरुले जनतालाई सचेत बनाउँदै समाज परिवर्तन तर्फ लाग्नुपर्नेमा जोड दिनुभयो । त्यसै गरी नेकपा (एमाले) गण्डकी प्रदेश कमिटीका अध्यक्ष नवराज शर्माले कलाकार हरुसँग राजनैतिक नेतृत्वलाई सही बाटो देखाउन सक्ने खुबी रहेको विचार व्यक्त गर्नुभयो। कार्यक्रममा गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का 'बिखर्ची', वरिष्ठ कलाकार प्रजापति पराजुली, प्राज्ञ रमेश श्रेष्ठ, वरिष्ठ गायिका पार्वती जिसी र पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पद्मराज ढकालले समेत सम्बोधन गर्नुभएको थियो।

अधिवेशनले महासंघका सातवटा घटकहरु प्रदेश समिति समेत सर्वसम्मत रुपमा निर्वाचन गरेको छ। घटकहरु मध्ये जनसाहित्यिक मञ्चमा छन्दमणी अध्यक्ष, सरला लामिछाने 'सरु' उपाध्यक्ष, के. आर. ढकाल सचिव र नेपाल प्रकाश अधिकारी कोषध्यक्ष रहेको १५ सदस्यीय कमिटी निर्वाचित भएको छ । जनसंगित मञ्चमा दीलिप गायक अध्यक्ष, परशुराम अधिकारी उपाध्यक्ष र डार्विन गुरुङ्ग सचिव रहेको ११ सदस्यीय कमिटी निर्वाचित भएको छ। ललितकला मञ्चले शान्त कुमार श्रेष्ठ अध्यक्ष, थमनसिंह सुनार उपाध्यक्ष, ज्योति गुरुङ्ग सचिव, युवराज लामिछाने सह सचिव र हेमकान्ती गुरुङ्ग कोषाध्यक्ष रहेको ११ सदस्यीय कमिटी निर्वाचित गरेको छ। त्यसै गरी जनपक्षिय चलचित्रकर्मी संघले भूपेन बाँनिया अध्यक्ष, कोविशरण उपाध्याय उपाध्यक्ष, भोजबहादुर गुरुङ्ग सचिव, किरण रेग्मी सह सचिव र विष्णु बाँस्तोला कोषध्यक्ष रहेको ११ सदस्यीय कमिटी निर्वाचित गरेको छ । त्यस्तै अधिवेशनले भाषा तथा लोक साहित्य मञ्चको अध्यक्षमा निर्मल सापकोटा र उपाध्यक्षमा धिरज भण्डारी तथा सामाजिक साँस्कृतिक अध्ययन मञ्चको अध्यक्षमा खेमराज गुरुङ्ग र उपाध्यक्षमा राम प्रसाद शर्मालाई सर्वसम्मत निर्वाचित गरेको छ। कार्यक्रममा विभिन्न दलसम्बद्ध साँस्कृतिक संगठन त्यागेर आएका सात जना कलाकारहरुलाई प्रमुख अतिथिले टिका लगाएर महासंघमा स्वागत गर्नु भएको थियो । अधिवेशनमा गण्डकी प्रदेशका ९ जिल्लामा १२० जना प्रतिनिधिहरु सहभागी भएका थिए। महासंघको केन्द्रीय महाधिवेशन यही चैत्र १८, १९ र २० गते काठमाडौंमा हुँदैछ।

# पोखरा वाङ्मय प्रतिष्ठानको शुभकामना आदानप्रदान

पोखरापत्र संवाददाता
पोखरा, ६ चैत

पोखरा वाङ्मय प्रतिष्ठानको आयोजनामा नयाँ वर्ष २०७९ अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ।



प्रमुख अतिथि शिक्षासेवी बालगोपाल अमात्यले नयाँ वर्ष सबैका लागि सुखद् होस् भनी शुभकामना दिए । सो अवसरमा समाजसेवी बोधराज कार्की, अधिवक्ता बोधराज बराल, कलाप्रेमी रामदेवी कुँवर, कृष्णबहादुर कुँवर 'बटुकृष्ण', समाजसेवी बलबहादुर सेन्चुरी, साहित्यकार मदन भण्डारी, शिक्षासेवी तुलसीप्रसाद चापागाईं, कमलराज ढुंगाना, विश्वशान्ति कुँवर, वेदप्रसाद पौडेल, उत्तम बस्नेत, संचारकर्मी तिर्सनालक्ष्मी गुरुङ लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा शिक्षाविद् बालगोपाल अमात्य, संचारकर्मी देवेन्द्र एसके शाही र सपना कुँवरलाई सम्मान गरिएको थियो । अलौकिक कवि देशभक्त सिंह कुँवर प्रतिष्ठानको व्यवस्थापनमा भएको कार्यक्रममा स्वागत पार्वती ढुंगाना र संचालन संचारकर्मी देवेन्द्र एसके शाहीले गरेका थिए । प्रतिष्ठानका संरक्षक, शिक्षासेवी एवं साहित्यकार क्षेत्रबहादुर कुँवरले गत वर्ष स्वास्थ्यमा गम्भीर समस्यापछि पोखराबाट हेलिकोप्टरमा काठमाडौं उपचार गर्न जानुपरेको स्मरण गर्दै स्वच्छ भएर बाँच्ने प्रेरणा नयाँ वर्षमा सबैमा मिलोस् भनी शुभकामना दिए।

कार्यक्रम समापनमा अलौकिक कवि देशभक्त सिंह कुँवर बिरामी हुदाँ हस्पिटलमा मृत्यु सङ्ग लडिरहेको कुरा सम्झिएर भावविह्वल हुँदै अब आउने पछिल्लो कृति दोस्रो जुनि ग्राण्डी हस्पिटलमा गम्भीर अवस्थामा रहदा नै लेख्नु भएको जानकारी दिएका थिए।

कार्यक्रममा आउनुहुने सम्पुर्ण महानुभावहरुलाई धन्यवाद व्यक्त गर्दै दोस्रो जुनि कविता सङ्ग्रह बाट टाइटल कविता बाचन गर्नु गरेका थिए। २०७९ को असार १ गते आफ्नो जन्मदिनमा उक्त कृति लोकार्पण हुने उनले सबैलाई जानकारी समेत दिएका छन् । सो प्रकाशनका लागि अन्तिम तयारी हुँदै गरेको उनको भनाइ थियो। बिरामी पर्दा भेट्ने तथा विभिन्न माध्यमबाट स्वास्थ्य लाभको कामना गर्नेहरुप्रति उनले आभार व्यक्त गरे।

# जनताको बलले गठबन्धनलाई परास्त गर्दछ–नेता थापा

पोखरापत्र संवाददाता
पोखरा ६ चैत

नेकपा (एमाले) केन्द्रीय सदस्य कृष्ण थापाले निर्वाचनमा जस्तोसुकै गठबन्धन बिरुद्धमा पार्टी एक्लै लडन तयार रहेको बताउनु भएको छ।



नेकपा एमाले पोखरा १७ सिद्धार्थराजमार्ग उत्तर दक्षिण टोल कमिटिको अधिवेशनमा बोल्दै उहाँले जनताको बलमा एमालेले गठनबन्धनलाई परास्त गर्ने बताउनुभयो । सुखी नेपाली समृद्ध नेपाल अभियानलाई पुरा गर्ने लक्ष्यका साथ अघि बढेको एमालेलाई जनताको साथ र सहयोग रहेको विश्वास व्यक्त गर्दै उहाँले जन अपेक्षा पुरा गर्नका लागि संगठित भएर अघि बढ्न कार्यकर्तालाई निर्देशन गर्नुभयो । गण्डकी प्रदेश सभा सदस्य समेत रहनु भएका थापाले संघीय र प्रदेश सरकारले ठूला विकास योजनाको बजेट कटौती गरेर जनताप्रति कुठाराधात गरेको आरोप लगाउनुभयो। आगामी बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा हात्तीको कानमा टाँस्सिएका चमेराहरुको हैसियत नेपाली जनताले देखाई दिने बताउँदै नेता थापाले इमान्दार र सच्चा कम्युनिष्ट कार्यकतालाई डेरा छोडेर एमाले मूल घरमा फर्कन आग्रह गर्नुभयो। कार्यक्रममा पोखरा १७ का वडाअध्यक्ष तिर्थराज अधिकारीले पाँच बर्षको अवधिमा वडामा चार अर्व भन्दा बढी रकमबाट सडक, खानेपानी लगायतका विकास निर्माणका काम भएको उल्लेख गर्दै भौगोलिक हिसावले ठूलो वडा भएको कारण कति पय काम अझैपनि पुरा गर्न नसकिएको बताउनुभयो। टोल कमिटि अध्यक्ष सविता भण्डारीको अध्यक्षतामा भएको कार्यक्रमा कार्यक्रममा नेकपा एमाले कास्की जिल्ला कमिटि सदस्य भेषराज बराल, प्रेस चौतारी नेपालका केन्द्रीय सचिव सुष्मा पौडेल, कार्यपालिका सदस्य राधीका शाही योगी, एमाले १७ का वडाअध्यक्ष ऋण तिमिला, पार्टी पूर्व अध्यक्ष सुभाष ढुङ्गाना लगायतले पार्टीको गतिविधि तथा विकास निर्माणका पक्षमा चर्चा गर्नुभएको थियो।

अधिवेशनले राधीका शर्माको अध्यक्षतामा २१ सदस्यीय नयाँ कमिटि सर्वसम्मत चयन गरेको छ। सो कमिटिको उपाध्यक्षमा लाल बहादुर गिरी, सचिवमा सिता सुवेदी ढकाल, सहसचिवद्धय शोभा सुवेदी र गंगा शर्मा रहनु भएको छ। त्यसै गरि सदस्यहरुमा बुद्धि भण्डारी, सिता ढकाल, कृष्ण ढकाल, कुष्ण क्षेत्री, गणेश गिरी, शोभा त्रिपाठी, विजया बराल, भगवती बराल, नानुमाया थापा, शिवराज बराल, हरिप्रसाद बराल, सावित्री अधिकारी, सिता सापकोटा, दिलमाया गुरुङ, कमला शर्मा, द्रौपती ढकाल र गंगा तिवारी रहनु भएको छ।

# आफ्नै भरमा स्थानिय चुनाबमा जाने तयारी भएको छः अध्यक्ष प्रचण्ड

पोखरापत्र संवाददाता
पोखरा, ६ चैत

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले आगामी वैशाख ३० गते हुने स्थानिय तहको निर्वाचनमा आफ्नै पार्टीको भरमा केन्द्रित हुने गरी तयारी गरिएको बताए।

प्रेस सेन्टर गण्डकी प्रदेशले आइतबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष प्रचण्डले स्थानिय निर्वाचनमा आफ्नै पार्टी नेता कार्यकर्ता र आम जनताको भरमा निर्वाचनमा जाने तयारी गरेको बताएका हुन्।

स्थानीय तहको निर्वाचन निर्धारित मितिमा नै हुने दाबी गर्दै अध्यक्ष प्रचण्डले गठबन्धनको भरमा भन्दा पहिला आफ्नै पार्टी तथा नेता कार्यकर्ता एवं जनताको भरमा चुनावमा केन्द्रित हुन आग्रह गरे। उनले भने "माओवादी पहिलो पार्टी बन्ने संभावना देखेको छु, अब हामी कसेको सहायृतामा होइन आफ्नो खुट्टामा उभियर आफ्नै बलबुताले निर्वाचनमा सहभागी हुनुपर्छ ।" संविधानको रक्षा र मुलुकलाई अगाडि बढाउनका लागि अन्य राजनीतिक दलहरू अब माओवादी केन्द्रसँग सहकार्यका लागि बाध्य हुने प्रचण्डको भनाई थियो । राजनीतिमा असम्भव केही पनि नहुने उनको भनाई थियो। मधेशमा हजारौं बुद्धिजिवीहरु माओबादीमा प्रबेश गर्नुले माओबादीमा पुनः उवार आएको उनले दाबी गरे। गठबन्धन प्रतिगामी षडयन्त्र परास्त गर्नका लागि बनेको भन्दै सम्भव भएका स्थानीय तहमा सहकार्य हुन सक्ने बताए। अध्यक्ष प्रचण्डले संविधान र अहिले हाँसिल भएका उपलब्धि मुख्यतः केपी शर्मा ओलीलाई मन नपरेको आरोप लगाए । निवार्चनमा माओवादीले स्थापित गरेका एजेण्डा लिएर मतदाता समक्ष जाने भएको उनको भनाई थियो । माओवादीको ठूलो संघर्षपछि प्राप्त भएको संघीयता, समावेशीता र समानुपातिक सहभागिता लगायतका एजेण्डा मन नपर्ने प्रवृत्ति र जनताका पक्षमा प्राप्त भएका उपलब्धि जोगाउने प्रवृत्तिवीच हाल ठुलो संघर्ष भइरहेको अध्यक्ष प्रचण्डले बताए। एमसिसी ब्याख्यात्मक टिप्पणीका साथ पारित गरेर देशलाई ठुलो दुर्घटना हुनबाट बचाइएको अध्यक्ष प्रचण्डको दावी थियो । अमेरिकाले एमसिसीमा नेपालले गरेको ब्याख्यात्मक टिप्पणी अस्वीकार गरेमा यसमा नेपालले पनि लागु गर्न नसक्ने उहाँको भनाई थियो । एमालेले जस्ताको तष्तै एमसीसी पास गर्न खोजेको उहाँको आरोप थियो। आइतबार अध्यक्ष प्रचण्डले प्रदेश स्तरिय कार्यकर्ता भेटघाट तथा प्रशिक्षण कार्यक्रममा समेत सहभागि भएका थिए।

# पोखरामा 'विज्ञापन कर' आतंक पोउवा संघको कडा विरोध

पोखरापत्र संवाददाता
पोखरा, ६ चैत

पोखरामा हरेका व्यावसायिक प्रतिष्ठानहरु अहिले एउटा सूचनाले त्रसित र आक्रोशित बनेका छन्। त्यो हो-विज्ञापन करको लागि थमाइएको पत्र।

पत्रमा हरेक पसलहरुले टाँसेको १० वर्ग फुटभन्दा माथिको शुल्क लाग्ने उल्लेख गरिएको छ। पोखरा महानगरसँग होर्डिङ बोर्डको ठेक्का लिएको साइन हव प्रालिले पठाएको पत्रबाट व्यवसायीहरु आक्रोशित बनेका छन्।

राज्यका निकाय र महानगरपालिकालाई व्यवसायसहित अन्य कर तिरेर संचालन गरिरहेको व्यवसायको प्रचार गर्न पाउनुपर्ने उनीहरुको जिकिर छ। तर, आर्थिक वर्ष २०७८/०८९ को लागि १ करोड ५ लाखमा विज्ञापन करको ठेक्का लिएको सो कम्पनीले दावी छाडेको छैन । व्यवसायीहरुलाई कर तिर्न ताकेता गरिएपछि छाता संस्था पोखरा उद्योग वाणिज्य संघले कडा शब्दमा आपत्ति जनाएको छ। संघले महानगरको सहमतिमा भएको यो ज्यादतिलाई 'स्वेत आतंक'को संज्ञा दिएको छ।

पोखरा उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान विजुक्छेले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै विज्ञापन करको नाममा मच्चाइएको स्वेत आतंक बन्द गर्न माग गर्दै अन्यथा कदम चाल्ने चेतावनी दिएका छन्।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खाल, बोल्ल, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

न्यायमा ढिलो गर्नु अन्यायलाई स्वीकार्नु हो ।
–लेडस्टोन

## सम्पादकीय

# प्रहरीमा सत्ता हस्तक्षेप नगर

नेपाल प्रहरीमा महानिरीक्षक, अतिरिक्त महानिरीक्षक ,नयब महानिरीक्षक बढुवा गर्दा पारदर्शी नभएको गुनासो मात्र होइन उजुरी नै गर्नुपर्ने अवस्था आएको छ। नेपाल प्रहरीको महानिरीक्षक शैलेस थापा क्षेत्री अवकाश हुन चालीस दिन बाँकी छ। महानिरीक्षकमा आफ्नो अनुकूलको ब्यक्ति ल्याउन कहिले दरबन्दी थप्नु त कहिले मापदण्ड विपरीत बढुवा गर्दा संस्था नै विवादमा पर्नेछ गरेको छासरकारले हतारहतार तीन एआइजीको दरबन्दी थपेर सत्ता अनुकूल चलाउन सक्नेलाई डिआईजीबाट बढुवा गरेपछि प्रहरी भित्रको असन्तुष्टि सार्वजनिक भएको छ । जेष्ठता र कार्यक्षमता नहेरी सरकारले डिआइजीबाट एआईजीमा गरेको बढुवा विरुद्ध उजुरी परेको छ । महानिरीक्षक क्षेत्रीको ब्याजी डिआइजीहरुले उजुरी दिएर सरकारको कार्यशैली पक्षपाती भएको संदेश दिएका छन। डिआईजीहरु प्रकाश कार्की, घनश्याम अर्याल र ईश्वर बाबु कार्कीले बढुवा सिफारिस समिति विरुद्ध उजुरी दिएको समाचार सार्वजनिक भएको छात्यसरी लेखिआएमा सम्बन्धित बढुवा समितिको सचिवालयले ३ दिनभित्र आफ्नो राय प्रतिवेदनसहित उजुरीसँग सम्बन्धित कागजात उजुरी सुन्ने समितीलाई पठाउनु पर्ने छ । उजुरी गर्ने म्याद सकिएको १५ दिनभित्र निर्णय दिइसक्नुपर्ने कानुनी व्यवस्था छ।

उजुरीको टुंगो लागेपछि मात्र बढुवा समितीको सिफारिस कार्यान्वयन हुनेछ। वरीयतामा अगाडि रहेका डीआईजी घनश्याम अर्याल, प्रकाशजङ कार्की र ईश्वरबाबु कार्कीले सिफारिसविरुद्ध तीव्र असन्तुष्ट जनाइरहेका छन् । यी तीनैजना वर्तमान आईजीपी शैलेश थापाका ब्याचीहरू हुन्। उनीहरूले वैशाख १८ बाट अवकाश पाउँदैछन् । सिफारिसमा परेका पन्त पनि आईजीपी थापाका ब्याची हुन् । अन्य दुईजना सिंह र धानुक एआईजी भए उनीहरू दुवै भावी आईजीपीका लागि प्रतिस्पर्धी मानिनेछन् । यसअघि सुशील कोइराला प्रधानमन्त्री भएका बेला नेपाल प्रहरीमा एआइजीको संख्या ७ बाट १३ पुगेको थियो । त्यसबेला एआईजीका लागि भएको बढुवामा आफू अगाडि रहेर पनि नाम नपरेको भन्दै दुई डीआईजीले उजुरी गरेका थिए। बढुवा समितिको सिफारिसविरुद्ध परेको उक्त उजुरीविरुद्ध सुनुवाइ गर्दै दुवैलाई एआईजीमा बढुवा गर्न निर्देशन दिइएको थियो। उनीहरू दुवैजना एआईजीमा बढुवा भएका थिए । ती दुई डिआइजीलाई बढुवा गरेलगत्तै नियम संशोधन गरेर उजुरी सुन्ने समितिको उक्त अधिकार कटौति गरिएको थियो।

देउवा अघिल्लोपटक प्रधानमन्त्री हुँदा दुई एआईजीको दरबन्दी थप भएको थियो । यसरी एआईजी प्राविधिकसहित १६ जनासम्म पुगेका थिए । सर्वेन्द्र खनाल आईजीपी हुँदा प्रदेशमा डीआईजी रहने भएकाले धेरै एआईजी नचाहिने भन्दै ३ जनामा झारिएको थियो। यसपटक नयाँ आईजिपी आउने बेलामा एआईजीका तीनवटा दरबन्दी थपेर सरकारले चलखेल गर्ने बाटो खोलेको छ । प्रहरी नियमावली २०७१ अनुसार सरकारले उपलब्ध एआईजीमध्येबाट र एआईजी नभएको अवस्थामा उपलब्ध डीआईजीमध्येबाट एक जनालाई आईजीपीमा बढुवा गर्ने व्यवस्था छ। प्रहरी नियमावलीको नियम ४१ मा आईजीपीका लागि हुने बढुवाबारे भनिएको छ, 'यस नियमावलीको नियम २८ मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा अतिरिक्त महानिरीक्षकहरूमध्येबाट र प्रहरी अतिरिक्त महानिरीक्षकहरू नभएको अवस्थामा प्रहरी नायब महानिरीक्षकहरूमध्येबाट ज्येष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व बहन गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिको प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्न सक्नेछ।' प्रधानमन्त्री शेरबहादुर देउवाको अघिल्लो कार्यकालमा जुनियर डीआईजीलाई आईजीपीमा बढुवा गरेकाले यसपटक थपिएको एआईजी दरबन्दी पनि विगतको जस्तै हुने आशंका छ । त्यतिबेला सरकारको निर्णयप्रति असन्तुष्टि जनाउँदै डीआईजीको वरीयतामा पहिलो नम्बरमा रहेका नवराज सिलवालले दायर गरेको रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले वरिष्ठता र ज्येष्ठताका आधारमा आईजीपी नियुक्त गर्न आदेश दिएको थियो । चुनावको मुखमा प्रहरी भित्र चलखेल गर्ने कामले विवाद बढाउने काम गर्दछ । अघिल्लो सरकारले प्रहरीमा विवाद आउन नदिन जेष्ठतालाई आधार बनाएको थियो ।राम्रो कामको अनुसरण गरेमा कसैले पनि उजुरी दिने, मुद्दा मामिला गर्ने अवस्था आउने थिएन।

# छाङपाटन मोटरमार्गमा कालोपत्र

**पोखरापत्र संवाददाता**
**तनहुँ, ६ चैत**

तनहुँको म्याग्दे गाउँपालिका-५ स्थित छाङपाटन मोटरमार्ग कालोपत्र भएको छ । गाउँपालिकाले रु ७० लाखको लागतमा उक्त मोटरमार्ग कालोपत्र गरेको हो । एक हजार १५० मिटर सडक कालोपत्र गरिएको वडाध्यक्ष शिवबहादुर आलेले जानकारी दिनुभयो।

मोटरमार्ग कालोपत्र नहुँदा धुलाम्य बाटो भएर यात्रा गर्न सर्वसाधारणलाई सास्ती हुँदै आएको थियो । मोटरमार्ग कालोपत्रे भएसँगै सर्वसाधारणलाई आवतजावतका लागि सहज भएको छ । मोटरमार्ग कालोपत्र भएसँगै नयाँबस्ती,झिरुबास,हटियालगायतका ठाउँका सर्वसाधारण लाभान्वित भएका छन् । कालोपत्र भएको मोटरमार्गको शनिबार शुभारम्भ गर्दै गाउँपालिकाका अध्यक्ष मायादेवी रानाले गाउँपालिकामा पूर्वाधार निर्माणलाई प्राथमिकता दिइएको बताउनुभयो । सडक, खानेपानी, बिजुली, स्वास्थ्य, शिक्षालगायतलाई प्राथमिकतामा राखेर गाउँपालिकाले काम गरिरहेको उहाँले जानकारी दिनुभयो। गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले सबै वडामा विकास निर्माणका काम भएको बताउँदै स्थानीय तहमा निर्वाचित भएको पाँच वर्षको अवधिमा देखिने काम गरेको बताउनुभयो।

# जोशीमाथिको कारबाही फिर्ता लिन माग

**पोखरापत्र संवाददाता**
**तनहुँ, ६ चैत**

नेपाली कांग्रेस भानु नगर कार्यसमितिले पार्टीका पूर्वसहमहामन्त्री गोविन्दराज जोशीमाथि केन्द्रीय कार्यसमितिले गरेको कारवाही फिर्ताको माग गरेको छ । भानु नगरसमितिका सभापति रामकुमार श्रेष्ठको अध्यक्षतामा शनिबार बसेको बैठकले जोशीमाथिको कारबाही फिर्ता गर्न माग गरेको हो।

बैठकले जोशीसहितका कार्यकर्ता असन्तुष्टि भई पार्टीभन्दा बाहिर बस्दा पार्टीलाई क्षति भइरहेकाले कारबाही फिर्ताका लागि प्रदेश, क्षेत्र र जिल्ला कार्यसमितिलाई सिफारिस गर्ने निर्णय गरेको छ। गत प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलविरुद्ध बागी उम्मेदवारी दिएपछि केन्द्रीय समितिले जोशीलाई कारबाही गरेको थियो । यसयता जोशीले स्वतन्त्ररूपमा आफ्ना गतिविधि सञ्चालन गर्दै आउनुभएको छ।

# पाँच लाख सहयोग

**पोखरापत्र संवाददाता**
**बेनी ६ चैत**

म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ कलेजाबाङस्थित हिमालय आधारभूत विद्यालयलाई रु पाँच लाखभन्दा बढी सहयोग प्राप्त भएको छ।

वडा नं २ स्थित राखु भगवती र वडा नं ३ स्थित राखु पिप्ले घर भई बेलायतमा बसोबास गर्ने राखुवासीको साझा संस्था राखु समाजद्वारा विद्यालयको भौतिक पूर्वाधार निर्माणमा रु पाँच लाख सात हजार ७३० सहयोग प्राप्त भएको हो । विद्यालयमा आयोजित कार्यक्रममा उक्त समाजका २६ जनाले सङ्कलन गरेको सो सहयोग रकम सदस्य अर्जुन मल्लले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रेशम कटुवाललाई हस्तान्तरण गर्नुभएको थियो।

# सोमबारदेखि पोखरामा जुनियर राष्ट्रिय टेनिस प्रतियोगिता

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ चैत**

कास्की जिल्ला टेनिस संघको आयोजना तथा नेपाल टेनिस संघको समन्वयमा सोमबारदेखि पोखरामा मनुश्री-भिग्नाजित जेटीआई राष्ट्रिय जुनियर टेनिस प्रतियोगिता-२०७८ सञ्चालन हुने भएको छ।

संघ कास्कीले आइतबार पोखरामा पत्रकार सम्मेलन मार्फत प्रतियोगिताको तयारी पुरा भएको जानकारी गराएको छ।

कास्की जिल्ला टेनिस संघका संरक्षक कुमार मोहनबहादुर शाहीको मुख्य प्रायोजन तथा कास्की जिल्ला टेनिस अभिभावक संघको सहयोगमा हुने यस प्रतियोगितामा यु-८, ९, १०, १२, १४ र १६ ब्वाईज/गर्ल्स सिंगल तथा ओपन ब्वाइज एवं गर्ल्स डबल्सतर्फ प्रतिस्पर्धा



हुने संघ कास्कीका अध्यक्ष लोकबहादुर गुरुङ्गले जानकारी गराउनुभयो । प्रतियोगितामा यु-८,९ र १० का विजेता तथा उप-विजेता खेलाडीहरुलाई गिफ्टह्याम्पर्स, तथा तृतीयलाई मेडल तथा प्रमाणपत्र, यु-१२ ब्वाईज एण्ड गर्ल्स सिंगलका विजेताले नगद ८ हजार, उप-विजेताले ५ हजार तथा तृतीयले मेडल तथा प्रमाणपत्र पुरस्कार प्राप्त गर्नेछन् । यु-१४ ब्वाईज एण्ड गर्ल्स सिंगलतर्फ विजेताले नगद १२ हजार, उप-विजेताले नगद ६ हजार तथा तृतीयले मेडल तथा प्रमाणपत्र पुरस्कार प्राप्त गर्ने प्रतियोगिता संयोजक नविन श्रेष्ठले बताउनुभयो।

यु-१६ ब्वाइज एण्ड गर्ल्सतर्फ विजेताले नगद १५ हजार, उप-विजेताले नगद ७ हजार ५ सय तथा तृतीयले मेडल तथा प्रमाणपत्र पुरस्करा प्राप्त गर्नेछन्। त्यस्तै ओपन ब्वाइज एण्ड गर्ल्स डबल्सतर्फ विजेताले नगद १५ हजार, उप-विजेताले नगद ७ हजार ५ सय तथा तृतीयले मेडल तथा प्रमाणपत्र पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगिताका निर्देशकहरुमा जेटिआई कोर्डिनेटर सूर्यभुषण बज्राचार्य र चन्द्र शाही रहनुभएको छ । पत्रकार सम्मेलनमा बोल्दै बज्राचार्यले नेपाली युवा खेलाडीहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउन यो प्रतियोगिता सहयोगी हुने औंल्याउनुभयो।

नेपाल टेनिस संघका उपाध्यक्ष विनोद कायस्थले नेपाल टेनिस संघले सूर्यभुषण, चन्द्र शाहीलाई यो जिम्मेवारी दिएकोमा धन्यवाद ज्ञापन गर्नुभयो। संघ कास्कीका उपाध्यक्ष नविन चालिसेले प्रतियोगिताका बारेमा पत्रकारहरुलाई अवगत गराउनुभएको थियो।

# तनहुँमा दुई महोत्सवको तयारी

**पोखरापत्र संवाददाता**
**दमौली, ६ चैत**

तनहुँ जिल्लामा एकै महिनामा दुई महोत्सवको तयारी गरिएको छ । कोभिड-१९ को प्रभावका कारण रोकिएका महोत्सव सञ्चालनको तयारी थालिएको हो।

चैत महिनामा जिल्लाका दुई ठाउँमा दुई महोत्सव आयोजना हुँदैछन् । सदरमुकाम दमौलीमा तनहुँ उद्योग वाणिज्य सङ्घले आठौं तनहुँ महोत्सव र खैरेनीटारमा शुक्लागण्डकी नगर उद्योग वाणिज्य सङ्घले महोत्सव गर्न लागेका हुन् । तनहुँ उद्योग वाणिज्य सङ्घको आयोजनामा चैत १० गतेदेखि आठौं तनहुँ महोत्सव हुँदैछ।

यसअघि पुस २९ देखि माघ १० गतेसम्म महोत्सवको मिति तोकिएको थियो। कोरोना भाइरस सङ्क्रमण जोखिम न्यूनीकरण भएसँगै महोत्सवको तयारी सुरु भएको सङ्घका अध्यक्ष पवीन्द्रकुमार श्रेष्ठले जानकारी दिनुभयो । महोत्सवको सह-आयोजकमा तनहुँ उद्योग वाणिज्य सङ्घ दमौली बजार रहेको छ । महोत्सवका लागि स्टल बुकिङसमेत खुल्ला गरिएको छ । महोत्सव व्यास नगरपालिका-३ स्थित बिपी वन बाटिकामा हुनेछ। आर्थिक, सामाजिक विकासका साथै स्थानीय उत्पादन, कृषि, धार्मिक, सांस्कृतिक, पर्यटकीयस्थल, उद्योग, व्यापार व्यवसायको सम्भाव्यता अध्ययन गरी प्रवर्द्धन गर्ने उद्देश्यसहित महोत्सव गर्न लागिएको सङ्घले जनाएको छ। पाँच लाख दर्शकले अवलोकन गर्ने लक्ष्य राखिएको महोत्सवमा करिब रु ६ करोड बराबरको आर्थिक कारोबार हुने अनुमान छ। महोत्सवमा कूल आम्दानी रु ८० लाख र नाफा रु १५ लाख ३५ हजार हुने अनुमान छ।

महोत्सवका लागि बैंक, वित्तीय संस्था समन्वय समिति, प्रचारप्रसार, सचिवालय, आर्थिक, हस्तकला प्रवर्द्धन, लोकदोहारी व्यवस्थापन, कोसेली व्यवस्थापन, आदिवासी जनजाति समन्वय, कन्सर्ट व्यवस्थापन, रमाइलो मेला, पर्यटन प्रवर्द्धनलगायत उपसमिति गठन गरिएको छ । महोत्सवमा मादीसेती नदीमा जलविहारको व्यवस्था मिलाइने भएको छ । सेती र मादीको सङ्गमस्थल दमौलीमा जलविहारको प्रचुर सम्भावना भए पनि जलविहारले व्यापकता पाउन नसकेको भन्दै महोत्सव अवधिभर जलविहार सञ्चालन गरिने अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । ग्रामीण पर्यटनको प्रचुर सम्भावना रहेको जिल्लाका ऐतिहासिक र सांस्कृतिक रुपले सम्पन्न ग्रामीण बस्तीको प्रवर्द्धनका लागि दर्शकलाई सांस्कृतिक नमूना ग्राम भ्रमण गराउने योजना छ । महोत्सव अवलोकनका लागि दर्शकलाई मानुङकोट, कुमालटारी, बोटेगाउँ, दरैगाउँलगायतका गाउँ भ्रमणको व्यवस्था मिलाइएको छ। यसैगरी शुक्लागण्डकी नगर उद्योग वाणिज्य सङ्घ खैरेनीटार बजार इकाईको आयोजनामा चैत २४ गतेदेखि वैशाख ५ गतेसम्म शुक्लागण्डकी खैरेनीटार महोत्सव हुँदैछ । एघारौं संस्करणसम्म गरिएको खैरेनीटार महोत्सवको निरन्तरतास्वरुप नै शुक्लागण्डकी खैरेनीटार महोत्सव आयोजना गर्न लागिएको इकाई सभापति पूर्ण कायस्थले जानकारी दिनुभयो । पहिला तनहुँ उद्योग वाणिज्य सङ्घअन्तर्गत खैरेनीटार बजार इकाइले चैते दसैंको अवसर पारेर महोत्सव आयोजना गर्दै आएको थियो । विगत दुई वर्षयता शुक्लागण्डकीमा दुई वटा उद्योग वाणिज्य सङ्घ गठन भएको छ । यहाँको धार्मिक, पर्यटकीयस्थलसँगै स्थानीय कला, संस्कृति र कृषि उपजको प्रवर्द्धन गर्ने उद्देश्यसहित महोत्सव गर्न लागिएको कायस्थले बताउनुभयो । महोत्सवमा रु चार करोड ७५ लाखको कारोबार हुने र दुई लाख दर्शकले अवलोकन गर्ने लक्ष्य राखिएको महोत्सवका प्रवक्ता हरि थापाले बताउनुभयो । महोत्सवमा २२५ स्टल रहनेछ। तीमध्ये एक सय स्टल बुकिङ भइसकेको छ भने स्थानीय व्यवसायीलाई स्टलमा ३० प्रतिशत छुट दिइएको छ।

महोत्सवबाट भएको आम्दानीको ४० प्रतिशत सामाजिक क्षेत्रमा खर्च गरिने आयोजकले जनाएको छ । महोत्सवबाट भएको आम्दानी शवदहस्थलमा खर्च गरिने आयोजकले जनाएको छ।

# बैँसीसहर–चामे सडक खण्ड थप १० दिन बन्द

**पोखरापत्र संवाददाता**
**मनाङ, ६ चैत**

लमजुङ र मनाङ जोड्ने डुम्रे-बैँसीसहर-चामे सडक खण्ड पुनः १० दिन बन्द भएको छ। सडक खण्डको तिमाङ छहरामा रहेको काठेपुल जीर्ण भएकाले कल्भर्ट निर्माण सम्पन्न भइसकेको छ।

कलभर्टको ढलान पूर्णरुपमा सेट भई नसकेका कारण आइतबारदेखि पुनः सडक बन्द गरिएको जिल्ला प्रशासन कार्यालय मनाङले जनाएको छ।

पैदल यात्रुबाहेक सवार ीसाधनका लागि सडक बन्द गरिएको मनाङ प्रशासनले एक सूचना जारी गर्दै भनेको छ । "मनाङ जिल्ला प्रवेश गर्ने सडक मार्ग डुम्रे-बैँसीसहर- चामे खण्डको तिमाङ छहरामा दुईवटा ठाउँमा कलभर्ट पुलको स्लाब ढलान कार्य सम्पन्न भएको र प्राविधिक हिसाबले सेट हुन कम्तीमा १५ दिन लाग्ने भएकाले सो अवधिका लागि सडक बन्द गरिदिन अनुरोध गरिएको डुम्रे-बैँसीसहर-चामे सडक योजना कार्यालयले जनाएको छ । "सडक निर्माणका लागि गत फागुन २० देखि चैत ५ गतेसम्मका लागि सडक बन्द गरिएको थियो । जिल्लाको नार्सों गाउँपालिका-९ स्थित तिमाङ छहरामा दुई ठाउँमा कलभर्ट निर्माण गरिएको छ । यहाँ गत असारमा आएको बाढीले काठेपुल बगाएको थियो। पछि पुनः काठेपुल राखेर यातायात सञ्चालन भएकामा गत कात्तिकमा आएको बाढी पहिराले समेत काठेपुल बगाएको थियो । त्यसपछि राखिएको काठेपुल जीर्ण हुँदै गएको र आगामी बर्खायाममा फेरि समस्या उत्पन्न हुने भएकाले व्यवस्थित गर्न ढलानसहितको स्लाब कल्भर्ट निर्माण गरिएको हो।


त्रिभुवन विश्वविद्यालय
**वन विज्ञान अध्ययन संस्थान**
**पोखरा क्याम्पस, पोखरा**

**सेवा करारमा जनशक्ति पदपूर्ति सम्बन्धी दरभाउपत्र आव्हानको सूचना ।**

**यस क्याम्पसका लागि सुरक्षा गार्ड ६ (छ जना) तथा कार्यालय सहयोगी पियन / बगैचे/ झाँडीफडानी / महिला छात्रावास सरसफाई आदि स्थानहरुको कामकाज गर्ने एक जना महिला सहित तीन जना छ महिनाका लागि (पछि म्याद थप गर्न सहिने) नौ जना श्रेणी विहिन जनशक्ति सेवा करारमा लिनुपर्ने भएको हुँदा कालो सूचिमा नपरेका, रष्ट्रिय रुपमा गुणस्तरीय सेवा उपलब्ध गराउदै आएका अनुभवी ईच्छुक आधिकारिक ईजाजत प्राप्त फर्म, कम्पनी वा संस्थाहरुबाट मिति २०७८/१२/२१ गतेभित्र रीतपूर्वक शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।**

**विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।**

**क्याम्पस प्रमुख**


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : मानसिक तनाब | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : झमेला बढ्ने |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शारीरिक झमेला |


**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# सृजना कप भलिबलको उपाधिका लागि छात्रतर्फ शान्ता र मेश्रम तथा छात्रातर्फ शान्ता र लक्ष्मी मावि भिड्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ चैत**

पोखरामा जारी सृजना कप सामुदायीक मावि छात्र/छात्रा भलिबल प्रतियोगिताको उपाधिका लागि छात्रतर्फ शान्ता मावि र मेश्रम वराह भिड्ने भएका छन् । त्यस्तै छात्रातर्फ शान्ता मावि र लक्ष्मी माविबीच पाधि भिडन्त हुने भएको छ ।



पोखरा रंगशालास्थित भलिबल ट्रेनिङ सेन्टरमा आइतबार भएको सेमीफाइनल खेलमा छात्रतर्फ मेश्रम वराह माविले कालिका माविलाई र शान्ता माविले ईन्द्रराज्य लक्ष्मी माविलाई पराजित गर्दै फाइनल भिडन्त सुरक्षित गरेका हुन् ।

त्यस्तै, छात्रातर्फ लक्ष्मी माविले भद्रकाली माविलाई र शान्ता माविले विन्ध्यबासिनी माविलाई पराजित गर्दै उपाधि भिडन्तका लागि भेट पक्का गरेका हुन् । प्रतियोगिताको फाइनल खेल सोमबार दिउँसो हुने कास्की जिल्ला भलिबल संघका अध्यक्ष भीम पराजुलीले जानकारी दिए । प्रतियोगिता अन्तर्गत आईतबार विहान तेश्रो स्थानका लागि छात्रतर्फ कालिका मावि र ईन्द्रराज्य मावि तथा छात्रातर्फ भद्रकाली मावि र विन्ध्यबासिनी मावि आमनेसामने हुनेछन् । आईतबार भएको छात्रतर्फ सेमीफाइनल खेलमा मेश्रम वराह माविले कालिका माविलाई २३-२५, २५-२१, १५-२५, २५-१५ र ११-१५ को सेटमा पराजित गऱ्यो । अर्को खेलमा शान्ता माविले ईन्द्रराज्यलक्ष्मी माविलाई २५-२१, २५-२० र २५-१७ को सोझो सेटमा पराजित गऱ्यो ।

छात्रातर्फको सेमीफाइनल खेलमा लक्ष्मी माविले भद्रकाली माविलाई २५-१८, २५-२० र २५-१७ को सोझो सेटमा पराजित गर्दै फाइनल यात्रा तय गऱ्यो । अर्को खेलमा शान्ता माविले विन्ध्यबासिनी माविाई २५-१८, १३-२५, २५-१८ र २५-१६ को सेटमा पराजित गर्दै फाइनलमा पुग्यो ।

यसअघी आईतबारै भएको क्वाटरफाइनल खेलमा छात्रतर्फ भद्रकाली माविले अमरसिंह माविलाई २५-१८ र २५-२३ को सेटमा तथा मेश्रम वराह माविले गोगन माविलाई २५-२० र २५-२१ को सोझो सेटमा पराजित गर्दै सेमीफाइनल प्रवेश गऱ्यो । त्यस्तै ईन्द्रराज्य लक्ष्मी माविले भविष्य निर्माण माविलाई २५-१६, २१-२५ र २५-२२ को सेटमा तथा शान्ता माविले राष्ट्रिय माविलाई २५-२३, २२-२५ र २६-२४ को सेटमा पन्छाउँदै सेमीफाइनल प्रवेश गऱ्यो । छात्रातर्फको क्वाटरफाइनल खेलमा कालिका माविले महेन्द्र माविलाई २५-७७, २५-१५ र २५-२१ को सेटमा, लमा शान्ता माविले कन्या माविलाई २५-२२ र २५-१२ को सेटमा, लक्ष्मी माविले जनप्रिय माविलाई २८-२६, २५-२० र २७-२५ को सेटमा पन्छाउँदै सेमीफाइनल यात्रा तय गरेको थियो ।

प्रतियोगितामा कास्कीका सामुदायिक (सरकारी) विद्यालयहरुका कक्षा ९ देखि कक्षा १२ सम्मका विद्यार्थीहरु सम्मिलित टिमहरुको सहभागिता छ । प्रतियोगितामा उपाधि बिजेता छात्र/छात्रा दुबै तर्फकालाई एक/एक लाख, उपबिजेतालाई ५०/५० हजार र तृतीय हुने विद्यालयलाई ३०/३० हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने जनाइएको छ ।

त्यस्तै, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी छात्र तथा छात्रालाई जनही ५/५ हजारसहित ट्रफी तथा अन्य उत्कृष्ट स्पाइकर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट सेटर, उत्कृष्ट सर्भर र उत्कृष्ट ब्लकरलाई १/१ थान भलिबल प्रदान गरिने सृजना विकास केन्द्रका अध्यक्ष ईन्द्रप्रसाद पौडेलले जानकारी दिए ।

# डायमण्ड मेला भव्यताका साथ सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा ६ चैत**

पोखरा महानगरपालिका वडा नं. २७ मा रहेको डायमण्ड मा.वि. मा डायमण्ड शैक्षिक मेला-२०७८ भव्यताका साथ सम्पन्न भएको छ ।



मेलामा विविध विषयका शैक्षिक सामग्रीको प्रदर्श प्रतिभाहरुको प्रस्तुनी, खेल तथा मनोरञ्जन र स्वादिष्ट खाद्यपरिकारको स्टल तथा साँस्कृती कार्यक्रम प्रर्दशन गरिएको तथा विद्यार्थीहरू आफैको सकृयतामा संचालन गरिएको मेला मा अभिभावकको सकारात्मक प्रतिक्रिया आएको र आफ्ना बाबू नानीको यो कार्यबाट निकैनै खुसी प्राप्त भएको विचार व्यक्त गर्नुभएको विद्यालयका प्राचार्य यम बहादुर रोकाले जानकारी दिनुभएको छ । विद्यार्थीको सिर्जनात्मक ज्ञान र रचनात्मक, सीपको प्रर्दशनीका लागि "ज्ञान र मनोरंञ्जन एकै ठाउँमा" भन्ने उद्धघोषका साथ " डायमण्ड शैक्षिक मेला-२०७८ को आयोजना गरिएको विद्यालयका निर्देशक माधव शरण उपाध्यायले जानकारी दिनुभएको थियो । साथै सोच बमोजिकको मेला हुन गएकोमा सुखी समेत व्यक्त गर्नुभएको थियो । खेल, आर्ट, घरमा बनेको मिठाइँ, खानाका गरि विभिन्न विधाका २० वटा स्टल रहेको मेलामा करिब दुई हजार दर्शकले अवलोकन गरेको विद्यालयका व्यवस्थापक प्रमुख हरि प्रसाद लामिछानेले जानकारी दिनुभएको छ ।

# पर्यटन प्रवर्द्धनसँगै व्यवसायीलाई उद्योग अवलोकन

**पोखरापत्र संवाददाता**
**पोखरा ६ चैत**

कोरोनाले प्रभावित पर्यटनमा सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्यका साथ पर्यटकका लागि उपहारका रूपमा प्रयोग गरिने सामग्रीको बिक्री वितरण गर्दै आएको संस्था इम्ब्रोइडरी एण्ड गार्मेन्ट एशोसिएशन (एगा) पोखराले व्यवसायीलाई उद्योग अवलोकन गराउने भएको छ ।

पूर्वी नेपालका पर्यटकीय गन्तव्य अवलोकनसँगै इम्ब्रोइडरी र गार्मेन्ट उद्योगबाट उत्पादित सामानको उत्पादन प्रक्रियालगायतका विषयमा जानकारी दिने उद्देश्यका साथ नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा पर्यटकीयस्थल एवं उद्योगको अवलोकन गराउन लागिएको इम्ब्रोइडरी एण्ड गार्मेन्ट एशोसिएशन (एगा) पोखराका अध्यक्ष विश्वराज पोखरेलले जानकारी दिनुभयो ।

पोखरामा आउने स्वदेशी एवं विदेशी पर्यटकले यहाँबाट लैजाने पर्यटकीय चिनारीले विशेष महत्व राख्ने बताउँदै उहाँले एगाले आफ्नो स्थापनाकालदेखि नै इम्ब्रोइडरी र गार्मेन्टका सामानको बिक्री वितरणलाई व्यवस्थित बनाउँदै लगेको बताउनुभयो । उहाँका अनुसार आजदेखि सुरु हुने तीनदिने अवलोकन भ्रमणमा पर्यटन व्यवसायी एवं सञ्चारकर्मीसहित २३ जना सहभागी हुनुहुन्छ ।

इम्ब्रोइडरी र गार्मेन्टबाट उत्पादित सामग्रीले नेपाललाई विश्वमाझ चिनाउने गरेको बताउने एगा पोखराका पूर्वअध्यक्ष कृष्णकुमार श्रेष्ठले पोखरामा ७५ व्यवसायीहरू एगामा आवद्ध रहेको जानकारी दिनुभयो । "हामीहरूले पर्यटकका चाहनाअनुसारका सामान तयार गरी बिक्री वितरण गर्ने गरेका छौँ", उहाँले भन्नुभयो, "पोखराको पर्यटकीय चिनारीमाएगालेस्थापनाकालदेखि नै महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।" कोरोना प्रभावित पर्यटनको पुनरुत्थानका लागि पर्यटकीय गतिविधि बढ्नु आवश्यक भएको एगा पोखराका पूर्वअध्यक्ष एवं पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष चिरञ्जीवी पोखरेलले बताउनुभयो ।

इम्ब्रोइडरी र गार्मेन्टका सामानहरूको बिक्री वितरण गर्दै आएका व्यवसायीलाई लक्ष्य गरी गराउन लागिएको पूर्वी नेपालका पर्यटकीय गन्तव्य एवं उद्योग अवलोकनले पर्यटन क्षेत्रमा सकारात्मक सन्देश दिने उहाँले बताउनुभयो ।

# महिला तथा दलितका लागि निःशुल्क लोकसेवा तयारी कक्षा

**पोखरापत्र संवाददाता**
**बागलुङ, ६ चैत**

बागलुङ नगरपालिकाले दलित र महिलालका लागि निःशुल्क लोकसेवा आयोगका तयारी कक्षा सञ्चालन गरेको छ । लोक सेवामा महिला तथा दलितको समान सहभागिता गराउनका लागि नगरपालिकाले यहाँका ५२ महिला तथा दलितलाई तीन महिने लोकसेवामा तयारी कक्षा सञ्चालन गरेको हो ।

नगरपालिकाले लक्षित वर्गलाई लोकसेवामा सम्भावना देखाउनका लागि यो आर्थिक वर्षमा विनियोजन गरेको रु चार लाख २० हजारबाट लोक सेवाको तयारी कक्षा सञ्चालन गर्न थालिएको छ ।

नगरपालिकाको सहयोगमा लक्षित बर्ग मध्येका महिला र दलितलाई लोकसेवाको ट्युसन पढाउन थालिएको बागलुङ नगरपालिकाका नगर प्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । "सामाजिक उत्तरदायित्व बहन गर्नका लागि लोक सेवा तयारी कक्षा सुरु गरेको छ, यसका लागि लाग्ने खर्चको व्यवस्थापन नगरपालिकाले गर्नेछ", उहाँले भन्नुभयो, "नगरपालिकाले तयारी कक्षा सञ्चालन खर्च दलितका लागि ८० प्रतिशत र महिलाका लागि ५० प्रतिशत खर्च नगरपालिकाले व्यहोर्ने छ ।" अहिले ५२ महिला तथा दलितहरुका लागि लोकसेवा तयारी कक्षा स्थानीय संयोजनकर्ता हेमन्त मल्टी एजुकेशनल ट्युसन सेन्टरमा सञ्चालन गरिएको छ । अहिले २२ महिला र ३० दलितका लागि लोक सेवा तयारी कक्षा दिन थालिएको हो । महिला तथा दलितमा सकारात्मक भावनाको विकास गराइ कुशल नेतृत्व, सफल, मेहनती, प्रतिस्पर्धी र इमान्दारका रुपमा उनीहरुलाई स्थापित गराउन लोकसेवा तयारी कक्षा सञ्चालन गरिएको नगरप्रमुख पौडेलको भनाइ छ ।

समाज परिर्वतनका लागि महिला तथा दलितको भूमिका महत्वपूर्ण भएको उल्लेख गर्दै उहाँले उनीहरुले जिम्मेवार भएर अगाडि बढ्नु पर्ने बताउनुभयो । अन्य व्यक्तिहरु आएर हाम्रो समाज परिर्वतन गर्ने नभइ यहाँका महिला तथा दलित वर्गले आफ्नो दायित्वबोध गरेर अगाडि बढे मात्रै मुलुक समृद्ध हुने उहाँको भनाइ छ ।

लोकसेवा आयोगमा यहाँका महिला तथा दलितको पहुँच र सहभागिता अझैं पनि उल्लेख्य रुपमा हुन नसकेको बताउँदै गाउँघरमै लोक सेवा तयारी कक्षा सञ्चालन हुने भएपछि यहाँका दलित तथा महिला खुसी भएको नगर शिक्षा प्रमुख धनप्रसाद पोखरेलले जानकारी दिनुभयो ।

# लिफ्टिङबाट घरघरमा खानेपानीका धारा

**पोखरापत्र संवाददाता**
**तनहुँ ६ चैत**

म्याग्दे गाउँपालिका-२स्थित लिफ्ट झ्यालगैह्रा खानेपानी आयोजना निर्माण भइ स्थानीयवासीका घरघरमा खानेपानी उपलब्ध गराइएको छ ।

सङ्घीय सरकार र गण्डकी प्रदेशको गरी कूल रु दुई करोड ५१ लाख २४ हजार ३३२ को लागतमा उक्त आयोजना निर्माण गरिएको हो । पानीको समस्याका कारण यस क्षेत्रका मानिसले धेरै कठिनाइ भोग्दै आएको स्थानीय उपभोक्ता सोमबहादुर थापाले बताउनुभयो । सङ्घीय सरकारबाट रु एक करोड ४६ लाख ४९ हजार ५४९, प्रदेश सरकारबाट रु ४० लाख ८७ हजार ५६ र थप रु तीन लाख ४२ हजार १६८ उपलब्ध गराउनका साथै रु ६० लाख २५ हजार ६०६ बराबरको श्रमदान व्यहोरिएको थियो । झ्यालगैह्राबाट ऋषिथुम डाँडासम्म करिब एक किलोमिटर लामो दूरीमा खानेपानी लगेर ट्याङ्कीमा सङ्कलन गरी वितरणको व्यवस्था मिलाइएको छ । उक्त आयोजनाबाट १६७मध्ये हाल १३९ घरधुरीका बासिन्दा लाभान्वित भएका उक्त आयोजनाका सचिव ईश्वरराज काफ्लेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "एक सय चालिस वटा धारा निर्माण गरी पानी वितरण गरिएको छ ।"

साठी वटा सोलार प्यानल जडान गरी बस्तीभन्दा तल रहेको खोल्सीको पानी ३५० मिटर भर्टिकलको उचाइमा उठाएर पन्ध्र हर्षपावर क्षमताको मोटरको सहायताले लिफ्ट गरी ऋषिथुम डाँडामा निर्माण गरिएको ४० हजार लिटर क्षमताको ट्याङ्कीमा सङ्कलन गरी वितरणको व्यवस्था मिलाइएको छ

गण्डकी प्रदेशका वन वातावरण तथा भूसंरक्षणमन्त्री दीपक थापाले उक्त आयोजना उद्घाटन गर्नुभएको थियो ।

# वैज्ञानिक संस्कारको विकास गर्न विज्ञान मेला

**पोखरापत्र संवाददाता**
**बागलुङ, ६ चैत**

वैज्ञानिक संस्कारको महत्व बुझाउनका लागि बागलुङमा विज्ञान मेला आयोजना गरिएको छ ।

नेपाली समाजमा लुकेर रहेका वैज्ञानिकसम्बन्धी कला बाहिर ल्याउन तथा वैज्ञानिक चेतना अभिवृद्धि गर्नका लागि प्रर्वद्धनात्मक कार्यक्रम गर्दै आएको नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट)ले यसवर्षको विज्ञान मेला बागलुङमा गर्न थालेको छ । वैज्ञानिक संस्कारको विकास गर्दै खोज तथा अनुसन्धानमा लागेका विद्यार्थीहरुलाई प्रोत्साहन गर्नका लागि प्रत्येक वर्ष विभिन्न स्थानमा विज्ञान मेला आयोजना गर्दै आएको नास्टले यो वर्ष विद्यालयस्तरीय प्रतियोगितात्मक विज्ञान मेला बागलुङमा आयोजना गर्न थालेको आइतबार बागलुङमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । बागलुङ, पर्वत र म्याग्दीका १० सामुदायिक विद्यालयका ७० विद्याथीको वैज्ञानिक आविष्कार तथा क्षमता प्रर्दशन गर्ने, विज्ञानसम्बन्धी हाजिरी जवाफ प्रतियोगिता र समाजका लागि विज्ञान विषयमा कविता वाचन गर्ने नेपाल विज्ञान तथा प्रविधि, प्रज्ञा-प्रतिष्ठान (नास्ट)का प्रवर्द्धन तथा प्रचार महाशाखा प्रमुख लुना बज्राचार्यले जानकारी दिनुभयो । चैत ७ देखि ९ गतेसम्म सञ्चालनमा आउने विद्यालयस्तरीय प्रतियोगितात्मक विज्ञान मेलामा उत्कृष्ट हुने विद्यार्थीलाई सम्मानसमेत गरिने छ ।

नास्टले बागलुङको जेठो विद्यालय विद्यामन्दिर माध्यमिक विद्यालयमा विज्ञान मेलाको आयोजना गरेको छ । बागलुङका चार सामुदायिक, पर्वतका दुई र म्याग्दीका दुई सामुदायिक विद्यालयका विद्यार्थीहरु सहभागी गराइने नास्टले जनाएको छ । पच्चीस विद्यालय सहभागी गराइने कार्यक्रम भए पनि कोरोना र बजेट अभावका कारण १० विद्यालयमा मात्रै कार्यक्रम सीमित गराइएको छ । कार्यक्रममा सामुदायिक विद्यालयमा विज्ञान शिक्षकबीच अन्तरक्रिया, समस्या र विज्ञानको क्षेत्रमा भएको विद्यार्थीको योगदान र प्रर्वद्धनका विषयमा समेत छलफल गरिने छ । "यो विज्ञान मेलाले विद्यार्थीको प्रतिभा बाहिर ल्याउने छ, उत्कृष्टलाई प्रोत्साहनसमेत गरिनेछ", महाशाखा प्रमुख बज्राचार्यले भन्नुभयो, "विज्ञान र प्रविधिको क्षेत्रमा नास्टले नवप्रतिभालाई प्रोत्साहन गर्ने गरी विज्ञान मेला आयोजना गर्दै आएको छ ।"

बज्राचार्यका अनुसार २०३९ सालमा स्थापना भएको नास्टले हालसम्म काठमाडौं उपत्यका बाहेक ६४ जिल्लामा विज्ञान मेला गरिसकेको छ । जसबाट १६ हजार विद्यार्थी र स्थानीय समुदायहरु लाभान्वित भएका छन् । विज्ञान मेलामा प्रत्येक विद्यालयले तीन उत्कृष्ट विज्ञानसम्बन्धी कला प्रर्दशन गर्नसक्ने र एउटालाई मात्रै प्रतियोगितमा समावेश गराइने छ । विज्ञान मेलामा प्रत्येक विद्यालयका छ जना विद्यार्थी र एक विज्ञान शिक्षक सहभागी गराइने छ । मेलाको चैत ७ गते बागलुङ नगरपालिकाका प्रमुख जनकराज पौडेलले उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

**रक्तदान जीवनदान**


## नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०७८/१२/०७

कम्पनी ऐन, २०६३ बमोजित स्थापना भएको प्रा.लि. नं. २८१६४४/०७८/०७९ को साविक बि. एन. बि. लेजर क्लिनिक प्रा. लि. को नाम थप भई अब उपरान्त बि.एन.बि. प्रोक्टो लेजर क्लिनिक प्रा. लि. कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भई सकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बि. एन बि. प्रोक्टो लेजर क्लिनिक प्रा. लि.**
**पोखरा म.न.पा.-९, कास्की, नेपाल**



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान
पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा

## बोलपत्रको छनौटको आशयको सुचना

*प्रकाशित मिति: २०७८/१२/०७ गते*

यस पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको विभिन्न मितिमा प्रकाशित निम्नानुसारको बोलपत्रको आव्हान सम्वन्धि सुचना बमोजिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये यस प्रतिष्ठानबाट गठीत मुल्यांकन समितिबाट मुल्यांकन हुदां देहाय बमोजिमको बोलपत्रहरु सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागी छनौट गर्ने निर्णय भई आएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्वन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का नम्बर / खरिदको विवरण | बोलपत्रदाताको नाम ठेगाना | कबोलअंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|
| 1 | PAHS/SQ/GOODS/2078-079/02 | Easy Trading P.Ltd Pokhara | 17,23,365.00 (सत्र लाख तेइस हजार तिन सय पैसट्ठी ) | 45 Items |

प्रा.डा भरत बहादुर खत्री
निर्देशक